"कृषि, पर्या-पर्यटन, उद्योग र पूर्वाधार, समृद्ध मध्यविन्दुको आधार"

# मध्यविन्दु नगरसभामा

## नगर उप-प्रमुख श्री ओम कुमारी महतोद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०७७/७८ को

# नीति तथा कार्यक्रम

## मध्यविन्दु नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चोरमारा,नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

विक्रम संवत् २०७७ साल असार १० गते

**सातौ नगर सभाका अध्यक्ष ज्यु ,**

**नगर सभाका सदस्य ज्युहरु**

१. नेपालको संविधान-२०७२, स्थानीय सरकार संचालन ऐन २०७४ ,को दफा ७१ को मूल मर्म बमोजिम मध्यविन्दु नगरपालिकाको गरिमामय सातौ नगरसभामा आर्थिक बर्ष-०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ। यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले गरेको एतिहासिक जनआन्दोलन, शसस्त्र आन्दोलन, मधेस आन्दोलनको स्मरण गर्न चाहन्छु। साथै लोकतान्त्रिक आन्दोलनका ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरुको त्याग र बलिदानलाई उच्च सम्मान व्यक्त गर्दछु।

२. प्रारम्भमा विश्वनै कोरोना भाइरस(Covid-19) महामारी प्रकोप बाट आंतकित भएको सन्दर्भमा यो संक्रमणको न्यूनिकरण, रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका बाट गरिएका कार्य तथा प्रयासहरु प्रस्ततु गर्ने अनुमति चाहन्छु।

विश्वभर फैलिएको महामारी रोग नोबेल कोरोना भाइरस (Covid-19)को संक्रमण बाट विश्वका शक्तिशाली तथा आर्थिक रुपमा सम्पन्न सक्षम सभ्य र स्वास्थ्यको क्षेत्रमा अग्रपंक्तिमा उभिएका राष्ट्रहरु पनि प्रभावित छन् ।यस्तो महामारी रोगको सामना हाम्रो जस्तो कमजोर आर्थिक अवस्था ,सीमित श्रोत साधन तथा स्वास्थ्य क्षेत्रमा अपर्यात पूर्वाधार एवम् जनशक्ति भएको देशले पनि व्यहोर्न परि सामना गर्नु पर्ने बाध्यता छ । दातृ राष्ट्रहरु तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु पनि आर्थिक संकटमा छन् । रोजगारका लागि छिमेकी तथा तेश्रो मुलुकमा गएका युवाहरु कसरी आफ्नो देश(नेपाल) मा फर्कने भन्ने संघर्षमा छन् ,उनिहरुको कहाली लाग्दो अवस्था छ। देशको आर्थिक अवस्थाका साथै नगरपालिकाको आन्तरिक राजश्वको अवस्थामा पनि सबै क्षेत्र बाट निराशाजनक संकेत देखा परेका छन् । आफ्नै देशमा श्रम गरेर जीवनयापन गर्ने मजदुरहरु श्रम गर्ने वातावरण नहुँदा भोकै पेट बस्नु परेको छ ।हजारौ हजार मजदुरी गरी जीवन निर्वाह गर्ने नेपालीहरु वेखर्ची भइ भोको पेट लिएर आफ्नो पुर्खौली घर तर्फ पैदल यात्रा गर्नु परेको छ ।आज हाम्रो देशमा पनि अन्य देशमा जस्तै महामारी रोग(Covid-19) दिन दुई गुणा, रात चौगुणा को दरले बढ्दो अवस्थामा छ । रोजगारका लागि छिमेकी देश भारत गएका लाँखौ लाख नेपालीहरु आफ्नो देशको सिमाना(Border)मा आई अलपत्र अवस्थामा बस्नु पर्ने बाध्यता छ ।मुलुक वन्दावन्दी(Lock down) मा भएको ९२ दिन भइसकेको छ । वन्दावन्दी Lock down लम्विने अवस्था कायमै छ।

यस किसिमको जोखिम पूर्ण घडीमा हामी संवेदनशील र धैर्य हुन् जरुरी छ ।मानवीय मुल्य मान्यता प्रति सम्मान, पूर्ण सकरात्मक मनको विकास, विवेकपूर्ण आचरण ,धैर्यता, अनुसाशन र सावधानी अपनाउन सक्यो भने जस्तो सुकै महाविपती लाई पनि पराजित गर्न सकिन् छ भन्ने उच्च मनोबलका साथ आ-आफ्नोदायित्व र जिम्मेवारीमा धैर्यतापूर्वक लागि परेका छौ ।

**"सेवा नै धर्म हो","त्याग नै जीवन हो"** भन्ने आर्दश लाई बुझ्न र कर्ममा आत्मासात गर्न सके, म मेरो र हाम्रो अधिकार,कर्तव्य र जिम्मेवारीको बोध गर्दै गरीब, अति विपन्न, आवास र आवाज बिहिन, अशक्त, असाहय, अपाङ्गता र असंगठित मजदुर प्रति माया, समाज प्रति सदभाव र राज्य प्रति विश्वास गर्न सक्यौ भने हाम्रा सामु आएका जस्तो सुकै संकट र सङ्क्रमण लाई पनि पराजय गर्न सक्छौ भन्ने मान्यता लाई अवगत गराउन चाहान्छु।

३. कोभिड -१९ सङ्क्रमण सुरुवात भए लगतै हाम्रो मध्यविन्दु नगर कार्यपालिकाको विशेष बैठक बसी नगर प्रमुख ज्युको संयोजकत्वमा, उप-प्रमुख ज्यु सह-संयोजक र सबै वडा अध्यक्ष ज्यु हरु सदस्य, स्वास्थ्य शाखा प्रमुख, सरकारी तथा गैर सरकारी संस्थाहरुका प्रतिनिधि, उद्योग वाणिज्य संघ ,होटेल व्यासायी संघ, राष्ट्रिय उपभोक्ता मंच, जनपद प्रहरी ,शसस्त्र प्रहरी बलका प्रमुख तथा प्रतिनिधि रहने गरी कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समिति गठन गरियो । त्यसै गरी १५ वटै वडामा सम्बन्धित वडा अध्यक्ष ज्यु हरूको संयोजकत्वमा, वडा सदस्य ज्यु हरु, स्वास्थ्य शाखाका प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि ,सामाज सेवी ,उपभोक्ता मंचका प्रतिनिधि सदस्य रहने गरी वडा स्तरीय कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समिति गठन गरिएको छ।

४. यस नगरपालिका का सबै वडाहरुको सक्रियातामा १५ वटै वडामा गरी ३२ Quarantine Home को व्यवस्था भएको छ भने चोरमारा प्रथामिक स्वास्थ्य केन्द्रमा ५ वेडको Isolation ward व्यवस्थापन गरिएकोमा रजहर Isolation Ward व्यवस्थापन पश्चात खारेज गरिएको छ। त्यसै गरी सबै स्वास्थ्य संस्थाका निमित्त तात्कालीन रुपमा आवश्यक भएका र पर्ने स्वास्थ्य सुरक्षा सामग्रीहरु( Personal Protective Equipment(PPE),Thermo Gun ,N95 Mask, Cotton Mask, Surgical Mask, Hand Wash Station, Sodium HypoChloride, Chemical Spray Machine, Medical Gown, Mosquito Net, Sanitizer, Chlorine Powder, Top Gloves) लगायतका अति आवश्यक औषधी खरिद गरी चोरमारा स्वास्थ्य केन्द्र, सबै स्वास्थ्य चौकीहरु र एम्बुलेन्स चालकहरु लाई समेत वितरण गरिएको छ। उक्त व्यवस्थापनका निमित नगर कार्यापलिका बाट विनियोजित रकम मध्ये आज सम्म जम्मा रकम रु १८,३५,६७२/- (अक्षर अट्ठार लाख पैतिस हजार छ सय बहत्तर) खर्च भएको व्यहोरा जानकारी गराउँदछु।

५. जोखिमपूर्ण परिस्थित लाई मध्ये नजर राख्दै कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि तथा महामारी प्रकोप र Lock Down बाट प्रभावित गरीब ,असाहय ,अति विपन्न परिवार, दैनिक कमाई गरी जीवन निर्वाह गर्ने तथा असंगठित मजदुरहरु लाई लक्षित गरी राहत वितरण गर्नका निमित प्रकोप व्यवस्थापन कोष स्थापना गरिएको छ। जसमा नगरपालिका बाट रु ७०,००,०००/-(सत्तरी लाख), गण्डकी प्रदेश बाट रु १०,००,०००/-(दश लाख), विभिन्न संघ संस्था बाट सहयोग रु १७,६९,४९९- (सत्र लाख उनान्सत्तरी हजार चार सय उनान्सय)गरी जम्मा रु ९७,६९,४९९/- (सन्ताउन्न लाख उनान्सत्तरी हजार चार सय उनान्सय )उक्त कोषमा प्राप्त भएको छ। संघीय सरकार, प्रदेश सरकारले तयार गरेको मापदण्डका आधारमा लक्षित वर्ग ,समुदाय, परिवार पहिचानका लागि वडा सदस्य हरु, राजनैतिक दलका प्रतिनिधि हरु, उद्योग वाणिज्य संघ, उपभोक्ता मंच तथा अन्य सामाजिक व्यक्तित्वहरुको प्रतिनिधित्व हुने गरी वडा अध्यक्ष ज्यु हरुको अध्यक्षतामा राहत वितरण समिति गठन गरिएको थियो। उक्त समितिले छनोट गरेका घरघुरी संख्या २,९३२ परिवार संख्या १०,६६९ लाई चामल ,दाल ,तेल ,सावुन ,नुन गरी राहत वितरण गरिएको छ।

६. Lock Down को अवधिमा राजधनी काठमाडौंमा विभिन्न पेशा ,व्यपार व्यवसाय र अध्ययन गरी बसेका यस नगर क्षेत्रभित्रका नागरिकहरुलाई उद्धार गरी न्यूनतम स्वास्थ सुरक्षा अपनाई वडा अध्यक्ष जूय हरुको रोहवर मा Self Quarintine र छिमेकी राष्ट्र(भारत) मा आफु र आफ्नो परिवारको पालन-पोषण तथा सन्ततिको शिक्षा दिक्षा दिन, ओखतिमूलो गर्न र आफ्ना परिवारको उज्ज्वल भविष्यको सपना बोकेर रोजगारीका निमित्त विदेशिन बाध्य भएका दाजुभाई दिदी बहिनीहरु Covid-19 को सङ्क्रमण बाट रोजगार गुमेर आफ्नो देशमा

खाली हात फर्कन बाध्य हुनु भएको र नेपाल प्रवेश गर्न अनुमति नपाई अलपत्र अवस्थामा नेपाल भारत सीमा नाकाहरुमा बसेका ३२१जना नगरवासीहरुलाई उद्दार गरी आ-आफ्नो वार्डको Quarintine Home मा राख्ने गरी वार्ड अध्यक्ष ज्यूहरुलाई जिम्मा लगाई व्यवस्थापन गरिएको छ ।

७. महामारी रोग (Covid-19) रोकथाम, नियन्त्रण तथा उपचार कार्यमा सहयोग गर्नु हुने राजनैतिक दलका प्रतिनिधि, सामुदायिक एवं संस्थागत विद्यालय, उद्योग वाणिज्य संघ , सरकारी तथा गैर सरकारी संस्थाहरु , बचत तथा ऋण सहकारी संस्थाहरु, वित्तीय संघ संस्थाहरु, सामुदायिक वन,निजी तथा व्यावसायिक क्षेत्र एवं प्रकोप व्यवस्थापन कोषमा रकम तथा खाद्यान्न उपलब्ध गराउने सबै लाई धन्यवाद ज्ञापन गर्दछु । Covid -19 को संकट र संक्रमणको जोखिमपुर्ण परिस्थितमा आफ्नो जीवनको प्रवाह नगरी मानव सेवामा खटिने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, राष्ट्र सेवक कर्मचारी,जनपद प्रहरी, शसस्त्र प्रहरी, एम्बुलेन्स चालक, दर्पण एफ.एम एवम पत्रकार, स्थानीय जनप्रतिनिधि, प्रदेश सरकार तथा संघीय सरकार प्रति हार्दिक आभार व्यक्त गर्दछु । अझै पनि यो संक्रमण पूर्ण रुपमा नियन्त्रण भई नसकेको अवस्थामा रहेकोले सबै सचेत रही सतर्कता अपनाउन विनम्र आग्रह र अनुरोध गर्दछु ।

**आदरणीय सभाध्यक्ष ज्यू ,**

अब म नगरपालिकाले आर्थिक वर्ष ०७७/०७८ मा अबलम्बन गर्ने मार्गनिर्देशक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. नेपाली जनताको बलिदानी संघर्ष बाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधान-२०७२ अन्तर्गत भएको पहिलो स्थानीय तहको निर्वाचनले संविधान कार्यान्वयन, संघीयताको जग बसाउने तथा नागरिक अधिकार, आवश्यकता र अपेक्षा प्रत्याभूतिका पक्षमा महत्वपूर्ण मार्गनिर्देशन गरेको थियो । साथै आर्थिक समृद्धि र लोकतन्त्रको आभास दिलाउने ढोका खुलाएको थियो । उक्त निर्वाचन पश्चातको हालसम्मको कार्य अनुभवले निर्वाचित पदाधिकारीलाई निकै ठुलो शिक्षा,उत्साह र प्रेरणा प्राप्त भएको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकारको आवधिक पन्ध्रौं योजना, नेपाल सरकारको आ.व.०७७/०७८ को नीति तथा कार्यक्रम, नेपाल सरकारको आ.व.०७७/०७८ को बजेट ,दिगो विकास लक्ष्यहरु,गण्डकी प्रदेश सरकारको प्रथम पंचवर्षिय योजना, गण्डकी प्रदेश सरकारको आ.व.०७७/७८ को नीति तथा कार्यक्रम तथा बजेट समेतलाई आधार मानेर तादात्म्यता(Tie up) गर्ने प्रयास गारिएको छ । सोही अनुसार यस नगरपालिकाको आगामी आर्थिक वर्ष ०७७/०७८ को लागि व्यवहारिक, जनउपयोगी, नगरपालिकाको दूर भविष्य केन्द्रित भइ यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

९. आगामी दिनमा यस मध्यविन्दुलाई आत्मनिर्भर, समृद्ध, स्वच्छ, सफा, हराभरा, सभ्य, विकसित,जनमैत्री ,आधुनिक, नमुना नगरपालिका बनाउने तर्फ केन्द्रित भइ आगामी नीति, योजना र कार्यक्रमहरु संचालित हुनेछन् ।

१०. आत्मनिर्भर नगरपालिका निर्माणको लागि नगरको कोष मजबुत बनाउन कर भार घटाउने र दायरा बढाउने नीति अबलम्बन गरिएको छ । कर शिक्षालाई अभियानका रुपमा संचालन गरिने छ । राजस्व परिचालनमा मध्यविन्दु उद्योग वाणिज्य संघसंग सहकार्य गरिने छ ।

११. एकीकृत नगर गुरुयोजना तर्जुमा गर्न सम्बन्धित निकाय संग समन्वय र सहकार्य गरिने छ ।

१२. कृषि उत्पादनमा आत्मनिर्भरता उन्मुख सोंचका साथ युवालाई कृषि पेशामा आकर्षित हुने वातावरण बनाईने छ । दिगो विकास लक्ष्य अन्तर्गत भोकमरी र गरीबी घटाउने लक्ष्य हासिल गर्न टेवा पुग्ने गरी कृषि उत्पादन एवं उत्पादकत्व बढाउने नीति अबलम्बन गरिने छ । तरकारी, अन्नबाली, फलफुल आदि उत्पादन क्षेत्रका आधारमा **"एक वडा एक उत्पादन" एवं"एक वडा एक किसान क्लब"**को अवधारणा अनुसार कृषि पकेट क्षेत्र विकास कार्यक्रमलाइ परिस्कृत ढंगबाट निरन्तरता दिइनेछ । कृषि क्षेत्रको विकासका लागि विषयगत कृषि समूह एवं सहकारी समूह गठन गर्न प्रोत्साहन गरिने छ । कृषिको आधारभूत पूर्वाधारको रूपमा रहेको सिंचाई सुविधा पुऱ्याउने गैरसरकारी एवं अन्य दातृ निकायहरुसँग सहकार्य गरी विभिन्न प्रविधिहरु समेत अबलम्बन गरिने छ। कृषिमा, बाली बिमा र अन्य प्रविधि भित्र्याउन पहल गरिने छ । रोजगार उन्मुख कृषिमा आधारित पेशा गर्ने सहकारी समूह/संघ/संस्थालाई विषेश प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१३. सहकारीलाई आय आर्जन एवं रोजगारी बढाउने माध्यमको रुपमा कृषि र पर्यटन क्षेत्रको विकासमा उपयोग गरिने छ ।

१४. पशूजन्य उत्पादनमा आत्मनिर्भर बन्ने तथा पशुपालनलाई गरीबी घटाउने आर्थिक सूचकका रुपमा स्वीकार गरी पशुपालन व्यवसाय प्रवर्द्धनका लागि पशु बिमा, घाँस र घाँसको विउ उत्पादन, पशु भ्याक्सिन सेवाको उपलब्धता, कृत्रिम गर्भाधान सेवा, कृषकका लागि आवश्यकता अनुरुप तालिम, पशुपालक कृषक समुह वा पशुपालन व्यवसायी फर्म संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१५. कृषि उत्पादन र उत्पादकत्व बढाउन, कृषि र सहकारी बीच सामान्जस्यता कायम गरिएको छ । कृषि सम्बन्धि लगानीलाई समूह मार्फत प्रवाहित गर्ने नीति अवलम्बन गरिनेछ ।

१६. सहकारी तीन खम्बे आर्थिक व्यवस्थाको एउटा मुख्य खम्बा हो । आर्थिक, सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान र सम्भावनाको उच्च मुल्यांकन गर्दै यस नगरपालिकाको भौतिक एवं मानवीय विकासमा सहकार्य गरिनेछ । प्रत्येक वार्डमा कम्तिमा एक सहकारीको नीति लिइने छ । सहकारी संस्थाहरुको क्षमता विकास तथा नियमनको कार्यलाई थप प्रभावकारी बनाइने छ ।

१७. गरिबी निवारण कोष मार्फत साविकमा संचालन भएका सामुदायिक संस्थाहरु लाई आगामी दिनमा सहकारी ढांचामा संचालन गर्ने नीति लिइने छ ।

१८. सडकलाई विकासको मेरुदण्ड मानिन्छ । सडक बिना पुर्वाधार विकासका थप आधारशिला खडा हुन सक्दैनन् । नगरपालिकाका सबै १५ वटै वडालाई सडक संजालले जोड्न आन्तरिक सडक निर्माणलाई प्राथमिकता दिईनेछ । वातावरणमैत्री स्थानीय शासन सम्बन्धि अवधारणा अनुरुप प्रत्येक वडामा फुटपाथ, नाली निर्माण, किनारमा हरियाली कायम गर्न वृक्षारोपण आदि समेत भएको **नमुना मेयर सडक** निर्माणको कार्यलाई निरन्तरता दिइनेछ । निर्माणाधीन सडक पुरा गर्दै जाने एवं कालोपत्रे गर्ने कार्यलाई सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को ऐन,नियम पालना गर्ने गरी प्राथमिकता दिईने छ । मध्यविन्दु रिंग रोड निर्माण सम्बन्धि DPR तयार भैसकेको हुँदा उक्त DPR को आधारमा निर्माण कार्य प्रारम्भ गरिने छ । अन्य गाउँपालिका, नगरपालिका, जिल्ला र गण्डकी प्रदेशको केन्द्र जोडने सडकहरुको निर्माणलाई प्राथमिकता दिइने छ । सडकको दिगोपना, सुन्दर शहरीकरण, उपयुक्त सडक मापदण्ड लागु गर्न तयार गरिएको **"नगर सडक गुरुयोजना"**(Municipality Transport Master Plan) कार्यान्वयन गरिने छ ।

१९. नागरिकको आवागमन तथा ढुवानी सहजताका निमित्त सार्वजनिक यात्रु वाहक तथा माल वाहक यातायात व्यवस्थालाई व्यवस्थित, प्रभावकारी र वातावरणमैत्री बनाईने छ ।अरुणखोला र चोरमारामा सवारी पार्किङको उपयुक्त व्यवस्था मिलाईने छ । सवारी नियमन कार्यलाई ट्राफिक प्रहरी संग सहकार्य गरिने छ ।

२०. विभिन्न खोला तथा नदीहरुमा पक्की वा झोलुङ्गे पुल निर्माण गर्न प्राथमिकता पूर्वक बजेट व्यवस्थापन गरिने छ ।

२१. हाल उपयोगमा रहेको विद्युत सेवाको गुणस्तर र क्षमतालाई आवश्यकता अनुरुप स्तरोन्नति गर्न पहल गरिने छ। वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा लगायतको प्रयोग बढाइने छ ।

२२. सबैको लागि सञ्चार पहुँच कायम गर्न मोबाईल सेवा, ल्याण्डलाइन टेलिफोन सेवा र इण्टरनेट सुविधा सम्बन्धि पूर्वाधारका लागि पहल जारी राखिने छ।

२३. व्यवस्थित, सुरक्षित र सुन्दर मध्यविन्दु नगरीको परिकल्पना साकार पार्न सबै किसिमका भवन निर्माण गर्दा अनिवार्य पूर्व स्वीकृति लिनुपर्ने, पुराना भवनहरुको अभिलेखिकरण गर्ने, वस्ती, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२ सम्बन्धि कानुनी व्यवस्थालाई कडाईका साथ लागु गरिने छ । नागरिकको आवास अधिकार सुनिश्चित गर्न विभिन्न प्रकोपजन्य घटनाका कारण विस्थापित परिवारको आवास व्यवस्थापनका लागि पहल गरिने छ । नगरपालिकाको केन्द्र चोरमारा बजारलाई प्रशासनिक केन्द्र(Administrative Hub) र कोल्हुवा क्षेत्रलाई कृषि केन्द्र(Agriculture Hub) तथा अरुणखोला केन्द्र लाई व्यवसायिक केन्द्र (Business Hub) का रुपमा विकास गरिने छ ।

२४. दिगो विकासको अवधारणालाई पुर्णरुपमा आत्मसाथ गर्दै जलाधार, वन जंगल एवं अन्य प्राकृतिक स्रोतसाधनको संरक्षण र उपयोग गरिने छ । रोजगारमुलक, गरीबी न्यूनिकरणमा सहयोग पुग्ने खालका पुर्वाधार विकासमा जोड दिइने छ । पुर्वाधार निर्माणको दिगोपन सुनिश्चितताका लागि उपभोक्ता बाट मौद्रिक एवं श्रम सहभागिता जुटाई अपनत्व बोध गराइने छ ।

२५. यस नगरपालिका भित्र बर्षौदेखि वसोवास गर्दै आएका तर आफ्नो स्वामित्व कायम नभएका सुकुम्बासी,अव्यवस्थित तथा भूमिहीन दलित वासोबासी १५ वटै वार्डमा रहेको हुँदा उनीहरुको पहिचान तथा लगत संकलन कार्य यथा शीघ्र गरिनेछ ।

पुर्खौ देखि नै वसोवास गर्दै आएका व्यक्तिहरुको घर जग्गा अन्य व्यक्तिको नाममा दर्ता भएका, मनशोभा आयोगको कार्यकालमा दर्ता भएका तर रोक्का भएका, नाप नक्शा भएको जग्गा धनी प्रमाण पूर्जा नपाएका ,विभिन्न शिक्षण संस्था ,स्वास्थ्य संस्था लगायत अन्य संघ संस्थाहरुले सदियौ देखि भोगचलन गर्दै आएका जग्गाहरु सम्बन्धित संस्थाको नाममा नभएको हुँदा जग्गाहरुको व्यवस्थापनका लागि भूमि सम्बन्धि समस्या समाधान आयोगमा आवश्यक प्रक्रिया पुरा गरी समाधानका लागि सिफारिस गरी पठाइने छ ।

२६. हालसम्म प्राप्त तथ्यांक अनुसार यस नगरपालिकामा रहेका सार्वजनिक जग्गाहरु करिब ७५५ विगाहा २ कठ्ठा ५ धुर रहेको छ र नगरपालिकामा उपयुक्त औद्योगिक वातावरण बनाई ठुला ,साना,मझौला ,लघु तथा घरेलु उद्योगको स्थापना र प्रवर्द्धनमा जोड दिइने छ । साथै यसै नगरपालिका चोरमारामा अवस्थित नव जागरण नमुना मा.वि को नाममा वडा नं.६ मा रहेको २३ बिगाहा ७ कठ्ठा ३ धुर जग्गा मध्ये करिब १३ बिगाहा जग्गामा उद्योगग्राम स्थापना गर्ने तथा अन्य प्रयोजनका लागि प्रकिया अगाडी बढाइने छ । स्वच्छ

व्यावसायिक वातावरण निर्माण गरी निजी व्यावसाय प्रवर्द्धन गारिने छ। आर्थिक कृयाकलापमा निजी क्षेत्रको भूमिका प्रबल हुने गरी प्रवर्द्धन गरिने छ।

२७. सुशासन,क्षमता विकास र नागरिक जनप्रतिनिधि प्रशासन बीचको सुमधुर सम्बन्ध कायम गर्न आवश्यक सबै उपायहरु अबलम्बन गरिएको छ। त्यसका लागि पर्याप्त बजेटको व्यवस्था गरिएको छ। सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही-मैत्री तुल्याउन प्रविधिको प्रयोग बढाईने नीति लिइने छ।

२८. गिरुवारी खोला र अरुणखोला करिडोर निर्माण लागि आवश्यक प्रकिया अगाडी बढाउने छ।

२९. गैरसरकारी क्षेत्रलाई विकास साझेदारका रुपमा अंगिकार गरी उनिहरुको कार्यगत विषेशज्ञता र अनुभवका आधारमा विकास कृयाकलापमा सहज ढंगबाट परिचालित हुने वातावरण बनाईने छ।

३०. नगरको सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार विकासका निमित्त वाह्य सहयोग परिचालन गर्न प्रयास गरिने छ।

३१. नगर क्षेत्र भित्रका सबै आर्थिक कृयाकलापमा आर्थिक अनुशासन एवम् पारदर्शिता कायम गरी भ्रष्टाचारमा शून्य सहनशिलताको नीति लिइने छ।

३२. युवा लक्षित रोजगार उन्मुख विषेश कार्यक्रम संचालन गरिने छ। खेलकुद क्षेत्रको प्रवर्द्धनका लागि खेलकुद पूर्वाधार लगायत युवा केन्द्रित दुर्व्यसन न्यूनीकरण कार्यक्रम संचालन गरिने छ।

३३. दलित, अति विपन्न बोटे ,माझी-मुसहरहरुलाई एक पक्की आवास निर्माणको नीति लिइनेछ छ।

३४. शिक्षालाई प्राथमिकता प्राप्त क्षेत्रका रुपमा लिई यसको विकासमा विशेष ढंगबाट पहल गरिने छ। शैक्षिक पुर्वाधार निर्माण, उपयुक्त शैक्षिक वातावरण निर्माण गरिने छ। शैक्षिक क्षेत्र र शिक्षण संस्थालाई राजनीतिबाट पुर्णरुपमा मुक्त गरिने छ। शिक्षकहरुलाई आवश्यकताका आधारमा तालिमको व्यवस्था गरिने छ। शैक्षिक संस्थालाई शान्ति क्षेत्रको रुपमा व्यवहार गरिने छ। संस्थागत र सामुदायिक विद्यालयहरु बीच सहकार्य गर्ने वातावरण मिलाईने छ। विद्यालयहरुलाई बालमैत्री अवधारणा अनुसार संचालन गरिने छ। नवजागरण नमुना मा.वि. चोरमारामा संचालित Civil Engineering, जनता मा.वि. अरुणखोलामा संचालित Electrical Engineering लाई गुणस्तरीय शिक्षा प्रदान गर्न प्रोत्साहन गरिनेछ| कुमारवर्ति मा.वि कोल्हुवामा कृषि विज्ञान र नेपाल लोक सेवा मा.वि बसन्तपुरमा Computer Engineering विषयको अध्यापन सुरु गर्ने कार्यलाई अगाडी बढाईने छ, तथा विद्यालयको एकरुपताको लागि नगर भित्रका सबै विद्यालय भवनहरुमा एउटै रंग रोगन लगाउने प्रक्रियालाई अगाडी बढाउने छ।

३५. नगरपालिकामा कार्यरत कर्मचारीहरुको वृत्ति विकासको साथै मनोबल एवम उत्प्रेरणा वृद्धि गर्न र कार्य सम्पादन क्षमता अभिवृद्धि गर्न खाजा रकम तथा अतिरिक्त समय काम गरे बापत अतिरिक्त भत्ता रकमको व्यवस्था गरिएको छ।

३६. नवजागरण बहुमुखी क्याम्पस चोरमारालाई QAA प्रमाण पत्र प्राप्त गराउन,र स्नातकोत्तर कक्षा संचालनको लागि तथा अरुणखोला बहुमुखी क्याम्पस अरुणखोला एवम् कोल्हुवा बहुमुखी क्याम्पस कोल्हुवालाई गुणस्तर सुनिश्चितता प्रत्यायन(QAA) प्रमाण पत्र प्राप्तिको लागि प्रोत्साहित गर्ने।

३७. स्वास्थ्य सम्बन्धि मौलिक हक सुनिश्चित गर्न नगर क्षेत्र भित्र रहेका मौजुदा सबै स्वास्थ्य संस्थाहरुको सबलीकरण, स्तरीकरण गरी सेवा प्रवाहको दायरा र क्षमता अभिवृद्धि गरिनेछ। चोरमारा स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालको रुपमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ साथै यस प्राथमिक स्वास्थ्य केन्द्रलाई रेफ्रेन्स अस्पतालको मान्यता पाउने मापदण्ड पूरा गर्न आवश्यक स्वास्थ्य पूर्वाधारहरुको व्यवस्था गरिनेछ। प्रभावकारी स्वास्थ्य व्यवस्थाका लागि सरकारी, गैरसरकारी एवं वाह्य क्षेत्रको सहयोग परिचालन

गरिनेछ। स्वास्थ्य संस्थाहरुको क्षमता विकास र सबलीकरणमा जोड दिईनेछ। यस नगरको दुर्गम वडाहरुको स्वास्थ चौकीमा कार्यरत  जनशक्तिको काममा उत्प्रेरणा निरन्तर वृद्धि गर्न थप प्रोत्साहन सुविधामा व्यवस्था गारिनेछ।

३८. वडा नं १,३,५,६,८,९,११,१२ र १३ गरी ९ वटा आधारभूत सामुदायिक स्वास्थ्य केन्द्र निर्माणकार्यलाई अघि बढाईने छ। साथै स्वास्थ्य बिमा कार्यक्रम लागु गारिनेछ। सबै वडाहरुमा खोप केन्द्रलाई व्यवस्थित गरिनेछ।

३९. जिल्ला आयुर्वेद औषाद्यालय अरुणखोलाको  स्तरोन्नतिका  लागि पहल गरिनेछ।

४०. सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउन यस नगरमा संचालित विभिन्न खानेपानी योजनाहरुलाई तीब्र गतिमा अगाडी बढाइने छ।

४१. नगर क्षेत्रलाई सफा, सुन्दर, आकर्षक एवं हराभरा बनाउन वातावरण मैत्री स्थानीय शासनको अवधारणलाई कार्यान्वियनमा ल्याईनेछ। आवास तथा अन्य पूर्वाधार निर्माण गर्दा तोकिएको मापदण्डका आधारमा अनिवार्य वृक्षारोपण गर्नुपर्ने नीति लिईनेछ। मध्यविन्दुलाई पुर्णसरसफाई युक्त नगरपालिका बनाईने छ।

४२. लैङ्गिक, जातीय, वर्गीय, पेशागत, उमेर समुह, शारिरीक अवस्था वा विशेष क्षमता भएकाहरु बीच सामाजिक समानता कायम गर्ने, सामाजिक सद्भाव बढाउने नीति लिइने छ। यस वर्गको हितको लागि विशेष कार्यक्रमहरु संचालन गरिने छ।

४३. सामाजिक तथा आर्थिक रुपले सिमांन्तकृत हुन पुगेका महिला, दलित, आदिवासी जनजाति, बालबालिका, जेष्ठ नागरिक, युवा, अपाङ्ग, अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जातिहरुको पहिचान स्थापित गर्ने सशक्तिकरण गर्ने एवं मुलप्रवाहिकरण गरी सहभागितामा योगदान बढाउनका निमित्त सचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि र नेतृत्व विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन गरिनेछ।

४५. महिला तथा किशोरीहरुको स्वास्थ्य, शिक्षा ,रोजगारी, शारीरिक, मानसिक एवम् यौनजन्य हिंसा तथा आत्मसुरक्षाको प्रत्याभूति दिलाउन **उप-प्रमुख चेली पढाउँ बचाउँ** कार्यक्रम संचालन गरिनेछ।

४६. मानव संसाधन विकासका लागि मध्यविन्दु नगरवासीहरु विशेषत युवा तथा महिलाहरुको आवश्यकता र अपेक्षा अनुकुलको उत्पादनमुलक सीप एवं क्षमता अभिवृद्धि गर्न अभियानको रुपमा सीपमुलक एवं उद्यमशीलता विकास तालिम, कार्यक्रमहरु सञ्चालन गरिनेछ यसका लागि आवश्यकता अनुसार गैर सरकारी, सहकारी, निजी एवं वाह्य क्षेत्रको समेत सहयोग लिईनेछ।

४७. नागरिक मैत्री प्रशासन कायम गर्न जनप्रतिनिधिहरुको नेतृत्व र क्षमता विकासका निमित्त विशेष अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।

४८. प्रभावकारी सेवा प्रवाहका निमित्त कर्मचारीलाई काम प्रति उत्प्रेरित बनाउन गैरमौद्रिक उपायहरु अबलम्बन गरिनेछ। कर्मचारीको वृत्ति विकास र क्षमता विकासमा पर्याप्त ध्यान पुर्याइनेछ।

४९. आमनागरिकलाई लोकतन्त्रको आभास दिलाउन र उनीहरुको पहुँच योग्य स्थानीय प्रशासनिक इकाईबाटै सेवाप्रवाह सुनिश्चित गर्न आवश्यक पूर्वाधारहरुको व्यवस्था गरीने छ। आर्थिक वर्ष ०७७/०७८ सम्ममा कम्तिमा ९ वटा वडा कार्यालयहरुको  भवन निर्माण गरिनेछ। नगरपालिकाको केन्द्र र वडा कार्यालयहरुलाई जनमुखी,  नेटवर्किंगमा आधारित, सेवाग्राहीमैत्री प्रशासकीय इकाईका  रुपमा व्यवस्थित गरिनेछ।वडा स्तरबाट प्रवाहित हुने सेवालाई चुस्त, दुरुस्त र सुशासनमा आधारित बनाईनेछ।

५०. सुशासनका आधारभूत सिद्धान्तहरु विधिको शासन, पारदर्शिता, सहभागिता र सार्वजनिक उत्तरदायीत्व, अनुशासन, आचारसंहिता, बालमैत्री, वातावरणमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री एवं समग्रमा नागरिकमैत्री स्थानीय शासनको प्रत्याभूति गरिने छ ।

५१. खेलकुद क्षेत्रका पूर्वाधार निर्माण गर्न र मध्यविन्दुको पहिचानका रुपमा स्थापित प्रत्येक वर्ष हुने **राइनोकप फुटवल** प्रतियोगिता सञ्चालन तथा बढी भन्दा बढी विषयगत खेलहरु सहभागी हुने गरी **मेयर कप खेलकूद प्रतियोगिता** सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ ।

५२. नगरपालिकामा सञ्चालन हुने विकास योजनाका लागि योजना बैंक स्थापना गरिनेछ । नगर प्रोफाइल निर्माण कार्यलाई यथाशीघ्र अगाडी बढाईने छ ।

५३. सार्वजनिक सेवा सञ्चालनमा गुणस्तरीय पद्धति वा मापदण्ड कायम (SOP) / निर्धारण गरिनेछ ।

५४. नागरिक-जनप्रतिनिधि-प्रशासन बीच असल सम्बन्ध कायम गर्दै सञ्चार माध्यम मार्फत नियमित नागरिक संवाद, सेवा प्रवाहका विषयमा नागरिकका गुनासा एवं कर्मचारीका गुनासाहरुको व्यवस्थापन गरिने छ । यसका लागि सार्वजनिक सुनुवाई समेत गरिनेछ ।

५५. सञ्चार माध्यमलाई विकास पत्रकारिताको अवधारणा अनुसार संचालन गर्न उत्प्रेरित गरिने छ ।

५६. वातावरण मैत्री हरियालीयुक्त नमुना नगरपालिका बनाउन वातावरणमैत्री स्थानीय शासनका सूचकलाई नगरपालिकाबाट प्रवाह हुने सेवा, बजेट विनियोजन र कर समेतसँग आवद्ध गरिनेछ ।

५७. वन संरक्षण र सञ्चालनमा समन्वय गर्न, वन पैदावारको दिगो, गरीबी निवारणोन्मुख ढंगबाट उपयोग गर्न, मध्यवर्ति क्षेत्र संग समन्वय गरी मध्यवर्ती क्षेत्रका बासिन्दाको हितका लागि उपयुक्त संयन्त्र बनाई कार्य गरिनेछ । चुरे क्षेत्र संरक्षणमा विशेष ध्यान दिइने छ ।

५८. नारायणी तटबन्ध प्रदेश तथा संघीय सरकार संग र अरुणखोला, गिरुवारी लगायतका खोलामा तटबन्ध गर्न चुरे तराइ मधेश संरक्षण विकास समिति लगायतका निकायसंग समन्वय गरिनेछ।

५९. फोहरमैला व्यवस्थापनको लागि नगरस्तरीय एवं जिल्ला स्तरीय तहमा तत्कालीन,मध्यकालीन र दीर्घकालीन नीति र कार्यक्रम तर्जुमा गर्न पहल गरिने छ ।

६०. छिमेकी नगर /गाउँपालिका, जिल्ला समन्वय समिति, प्रदेश, संघ संग असल सम्बन्ध कायम गरिने छ ।

६१. पर्या-पर्यटन, खेलकुद पर्यटन, कृषि पर्यटन, साँस्कृतिक पर्यटन प्रवर्द्धनको लागि जित वाहनको स्थापना गरिने छ । पर्यटन क्षेत्रको आम्दानीबाट गरीबी को रेखामुनी रहेका नागरिक समेत लाभान्वित हुने गरी सहकारीमा आधारित होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिने छ । सबै धर्म, संस्कृति, परम्परा, मठ, मन्दिर आदी सम्पदाहरु, मेला, जात्राको संरक्षण गरिनेछ ।

६२. उपभोक्ताहरुको अधिकार सुनिश्चित गर्न बजार संयन्त्रलाई प्रभावकारी बनाईनेछ । नियमित अनुगमन र सुपरिवेक्षण गरी काला बजारी एवं कृत्रिम अभाव नियन्त्रण गरी स्वस्थ प्रतिस्पर्धा र गुणस्तर कायम गराईनेछ । मध्यविन्दु उद्योग वाणिज्य संघ,राष्ट्रिय उपभोक्ता मंच र बजार विकास समितिहरु संगको सहकार्य बढाइने छ ।

६३. मानव अधिकारको विश्वव्यापी मान्यता अनुरुप स्वतन्त्र स्वाभिमान र शान्ति पूर्वक बाच्न र जीवन यापन गर्न पाउने अधिकारको संरक्षणको प्रयास गरिनेछ । साथै निरन्तर सञ्चालनमा रहेको न्यायिक समितिको काम र कर्तव्यलाई अझ प्रभावकारी बनाउन कानुनी सल्लाकार बाट परामर्श सेवा पनि सुचारु गरिनेछ ।

६४. स्थानीय शासन प्रणालीलाई बालमैत्री युवा मैत्री, लैङ्गिक मैत्री, अपाङ्ग मैत्री, जेष्ठ नागरिक मैत्री, वातावरण मैत्री एवं समग्रमा नागरिक मैत्री बनाउन तत् तत् क्षेत्रका सूचकहरु सम्बन्धि कार्यक्रमका निमित्त बजेट व्यवस्था गरिएको छ । विशेष गरी नगरपालिकालाई समुदायलाई सफा तथा वातावरणलाई स्वच्छ बनाउने नीति अबलम्बन गरिनेछ ।

६५. कोभिड-१९ को महामारी सङ्क्रमणबाट आ.व.०७६/०७७ मा कार्यन्वयन तथा सम्पन्न हुन बाँकी रहेका योजनाहरुलाई यस आ.व.०७७/०७८ मा निरन्तरता दिइनेछ ।

६६. मध्यविन्दुको पहिचान झल्काउने ग्रामिण भेगका जनसमुदायको आर्थिक समुन्नति तथा नगरपालिकाको आर्थिक विकासका लागि **"Eco-village in rural area of Madhyabindu"** को अवधारण पत्र तयार भइसकेको हुँदा ग्रामिण भेगको सर्वेक्षण गरी वडा नं.१३ मैनाघाटमा प्रारम्भ भएको **"मध्यविन्दु पार्क"** समेत लाई समावेश गरी DPR तयार गरी निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

६७. यस मध्यविन्दु नगरपालिका भित्र संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारमुलक आयोजनाहरु सञ्चालन गरी सुचिकृत बेरोजगारहरुलाई रोजगारीमा संलग्न गराइने छ। साथै नगरपालिका भित्र विश्वव्यापि महामारीको रुपमा फैलिएको COVID-19 बाट प्रभावित व्यक्तिहरुका लागि विशेष रोजगारमुलुक कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. मध्यविन्दु नगरपालिकाको विशिष्ट भौगोलिक वनावट, पूर्व-पश्चिम राजमार्गको मध्यभागमा अवस्थिति एवं पर्याप्त प्राकृतिक साधन स्रोतको उपलब्धता, जातीय विविधता, निर्माण भईसकेका विकासका न्यूनतम आधारहरु र अन्य विभिन्न सबल पक्षहरुलाई आत्मासात गर्दै; नगरपालिकाको वृहत्तर विकासको निमित्त आवश्यक गुरुयोजना(Master Plan) को अभाव, स्वामित्वविहीन जग्गा जमिनमा बनेका संरचना तथा अव्यवस्थित बसोबास जस्ता कमजोरी, समस्या र अवरोधहरुलाई चिर्दै; भौगोलिक एवं जातीय विविधता अनुरुपका पूर्वाधार एवं सामाजिक विकास नीति, योजना र कार्यक्रम तुर्जमा गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने, उपलब्ध जनशक्तिको क्षमता विकास गरी परिचालन गर्ने एवं सक्षम जनशक्तिलाई आकर्षित गर्ने, विभिन्न किसिमका प्रकोपको प्रभावकारी व्यवस्थापन, नागरिकमैत्री ढंगबाट नगरपालिकाको संस्थागत विकास, साधन स्रोतको दिगो परिचालन तथा शहरीकरणका चुनौती सामना गर्दै; जनमत, जनइच्छा र हामी जनप्रतिनिधिहरुको तत्परता एवं इच्छा, शक्ति, कृषि, पशुपालन, पर्यटन क्षेत्रको उच्च सम्भावना तथा प्राकृतिक स्रोत साधनलाई अवसरका रुपमा ग्रहण गरिएको छ ।

६९. बालमैत्री स्थानीय शासन CFLG अवधारणा नीतिगत अबलम्बनका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, कार्यन्वयन कार्यविधि, २०६८ लाई स्वीकार गर्दै उक्त अवधारणाको सूचक अनुसार कार्यक्रम कार्यन्वयन गरी यस आ.व.(०७७/०७८) भित्र बालमैत्री नगरपालिका घोषणा गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

७०. चालु आर्थिक वर्ष ०७६/०७७ मा आर्थिक विकास,सामाजिक विकास, पूर्वाधार विकास,वातावरण व्यवस्थापन, संस्थागत विकास लगायत विभिन्न विषय केन्द्रित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिएका थिए।

उपयुर्क्त कार्यहरु संचालन तथा सम्पन्न गर्नको लागि चालु तर्फ रु. ४४ करोड ५६ लाख २२ हजार, पूँजीगत तर्फ रु. ४८ करोड ०० लाख ७५ हजार ४ सय ६० गरी कुल रु. ९२ करोड ५६ लाख ९७ हजार ४ सय ६० विनियोजन गरिएकोमा २०७७ जेष्ठ मसान्त सम्म चालु तर्फ ६०.५४ प्रतिशत र पुँजीगत तर्फ ३३.१६ प्रतिशत गरी जम्मा रु. ४२ करोड ८९ लाख ७९ हजार २ सय ४३ रुपैया वित्तीय प्रगती भएको छ। चालु आर्थिक वर्षको दोस्रो चौमाशिक अवधि सम्म नेपाल सरकारले तोके बमोजिम लक्षित वर्गका निमित्त सामाजिक सुरक्षा वापत रु. ९ करोड ५६ लाख २१ हजार ६ सय वितरण गरिएको छ।

यस बमोजिमको वित्तीय परिचालनबाट आर्थिक क्षेत्र अन्तर्गत कृषि, पशुपालन, पर्यटन प्रवर्द्धन लगायतका विषय सामाजिक क्षेत्र अन्तरर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संस्कृति प्रवर्द्धन, खेलकुद, लैङ्गिक समानता, लक्षित वर्गको सशक्तिकरण, सबलीकरण र मूल प्रवाहिकरणका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भई उपलब्धि प्राप्त भएका छन्।

तत् तत् क्षेत्रमा भएका विकास कृयाकलापहरुबाट समुदायमा सकरात्मक प्रभाव देखिसकेको छ भने केही विकासका आधारहरु खडा भएका छन् तिनबाट विस्तारै उपलब्धीहरु प्राप्त हुनेछन । आय-आर्जन, जीविकोपार्जन, सचेतना र ज्ञानमा आएको अभिवृद्धिलाई दिगो बनाई राख्नु भावी दिनका चुनौती हुन्। पूर्वाधार क्षेत्र अन्तर्गत सडक निर्माण, सिंचाई सुविधा, समुदायिक भवनहरु निर्माण, सोलार बत्ती जडान भएका छन्। साविकका सार्वजनिक सेवा प्रदायक स्थानीय निकायका कार्यालयहरुमा जडित प्रविधिको उपयोगले कार्य सम्पादनमा सहजीकरण पनि गरेको छ।

साविक स्थानीय निकायहरुका साथमा विभिन्न क्षेत्रका गैरसरकारी संघ–संस्थाहरु मार्फत नागरिक स्तरमा चेतना अभिवृद्धि, आय–आर्जन र जीविकोपार्जनमा टेवा पुऱ्याउने कार्यहरु भएका छन्। यस अवसरमा साविक स्थानीय निकायहरु,विभिन्न सरकारी कार्यालयहरु, सुरक्षा निकाय, गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, सञ्चार माध्यम आदी सबै वर्ग क्षेत्र तहबाट नागरिक हितका निमित्त भएका प्रयासहरु र सम्पादित कृयाकलापबाट प्राप्त उपलब्धिका निमित्त हार्दिक धन्यवाद दिन चाहन्छु। कार्यसम्पादनका क्रममा देखिएका समस्या, बाधा–व्यवधान, कमि–कमजोरीलाई आत्मासाथ गर्दै आगामी दिनमा कार्यक्रम कार्यान्वयन प्रयासमा पनि निरन्तर सहयोग र सद्भावको अपेक्षा राखिएको छ।

**सभाध्यक्ष महोदय,**

७१. स्थानीय सरकारका रुपमा यस मध्यविन्दु नगरपालिकाको गरिमामय नगरसभामा प्रस्तुत गरिएको यस आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमको निम्न उद्देश्यहरु रहेका छन्।

क) पूर्वाधार निर्माणमा जनसहभागिता बढाई नमूना कार्य गर्ने,

ख) स्वास्थ्य क्षेत्रको सवलीकरण एवं स्तरीकरण गर्ने,

ग) बालबालिकाको विद्यालय पहुँच एवं टिकाउपन तथा सिकाइको गुणस्तर अभिवृद्धि गर्ने

घ) स्वरोजगार एवं रोजगारी सृजनामा सहजीकरण गर्ने,

ङ) सामाजिक न्याय र समानता कायम गर्ने,

च) स्वच्छ वातावरण, प्रकोप न्यूनीकरण र शहरीकरणलाई व्यवस्थित गर्ने,

छ) सुशासन प्रवर्द्धन गर्ने,

ज) राजस्वको दायरा बढाउने ।

७२. उपरोक्त उद्देश्य हासिल गर्न बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान पुर्याइएको छ । निम्न पद्धति अबलम्बन गरी बजेट तथा कार्यक्रमलाई जनमुखी, यथार्थपरक, दिगो र प्रभावकारी बनाउने प्रयास गरिएको छ।

क) अन्तर सरकारी वित्तीय हस्तान्तरण्को माध्यमबाट नेपाल सरकार तथा प्रदेश बाट शसर्त एवं निशर्त अनुदान सिमा प्राप्त,

ख) आन्तरिक आयको अनुमान,

ग) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट बजेट सिमा निर्धारण,

घ) समुदाय स्तरबाट नागरिकका आवश्यकता र अपेक्षा संकलन,

ङ) वडाबाट प्राथमिकता सहित योजना कार्यक्रम सिफारिस,

च) बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल, विश्लेषण

छ) प्राथमिकता क्षेत्र निर्धारण गरी बजेट विनियोजन

७३ . योजना, कार्यक्रम, आयोजनाहरुलाई नागरिकको आवश्यकता र अपेक्षानुकुल बनाउन, सार्थक परिणाम हासिल गर्न र बजेट विनियोजनलाई सहज बनाई कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रस्तुत बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रम तथा आयोजनाहरुलाई निम्न आधारमा प्राथमिकीकरण निर्धाण गरिएको छ ।

क) पुर्वाधार विकास र गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने,

ख) उत्पादन मूलक र छिटो प्रतिफल दिने,

ग) राजस्व परिचालनमा योगदान पुऱ्याउने,

घ) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

ङ) स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि

च) लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

छ) दिगो विकास र वातावरण संरक्षणमा योगदान पुऱ्याउने,

ज) विशेष संस्कृति र जातीय पहिचान प्रवर्द्धन गर्ने,

झ) नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको सम्बोधन ,

ञ) वडा समितिका सिफारिस ।

**सभाध्यक्ष महोदय,**

७४. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाई आत्मासाथ गरिएको छ।

क) नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची;

ख) नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हकहरु;

ग) नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धि नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली;

घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु;

ङ) संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु;

च) संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु;

छ) नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु;

ज) गण्डकी प्रदेश सरकारको आ.व.०७७/०७८ का लागि स्वीकृत नीति तथा कार्यक्रम र बजेट ;

झ) स्थानीय सरकार सञ्चालनसंग सम्बन्धित अन्य कानूनी (ऐन, नियमावली, विनियम, कार्यविधि , निर्देशिका , परिपत्र, निर्णयहरु आदि) प्रावधानहरु;

ञ) स्थानीय तहका सम्बन्धमा भएका अध्ययन, अनुसन्धानका प्रतिवेदनहरु;

ट) विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन ,खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशाक्तिकरण तथा समावेशी विकास ,बाल मैत्री स्थानीय शासन वातावरण मैत्री स्थानीय शासन ,पूर्ण सरसफाई एवं उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु:

ठ) नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

**सभाध्यक्ष महोदय,**

७५. अब म प्रस्तुत बजेट तथा कार्यक्रम मार्फत नगर कार्यपालिकाले कार्यान्वयन गर्न चाहेका नीतिगत व्यवस्थाका बारेमा उल्लेख गर्न चाहन्छु।

क) निजी व्यवसायी संघ संस्थाहरुसंगको सहकार्य मार्फत करको आधार र दायरा बढाउने, कर शिक्षा अभियान र एकिकृत सम्पत्ति कर लागु गर्न प्रस्ताव गरिएको छ।

ख) पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिईएको छ।

ग) **"कृषि,पर्या-पर्यटन,उद्योग र पूर्वाधार,समृद्ध मध्यविन्दुको आधार"**भन्ने लक्ष्य र गन्तव्यलाई मूर्तरुप दिन **मध्यविन्दु आधुनिक स्तम्भ तथा वनवाटिका** को अवधारणा पत्र तयार भैसकेको हुँदा स्तम्भको DPR तयार गरी नगरपालिका ,प्रदेश र संघको संयुक्त लगानीमा निर्माण कार्य प्रारम्भ गरिनेछ ;

घ) आ.व ०७४/०७५ देखि प्रारम्भ गरिएको **"मेयर नमूना सडक"** निर्माण कार्यलाई निरन्तरता दिंदै प्रत्येक वडाका लागि विनियोजित रकम मध्ये ३० प्रतिशत रकम विनियोजन गरिएको छ।

ङ) सामुदायिक वन पैदावार बाट प्राप्त हुने रकम तथा कार्यक्रमहरु स्वास्थ्य र शिक्षा क्षेत्रमा मात्र लगानी गरिनेछ ।

च) किसानहरु बाट उत्पादित कृषि उपजहरु तरकारी, फलफूल, विउ विजन आदि कुहिएर(Spoil) जाने वस्तुहरुलाई सुरक्षित गरी राख्नको लागि उपयुक्त स्थानमा शीत भण्डार (Cold Store)को निर्माण गरिनेछ ।

छ) पूर्वाधार निर्माणमा जनसहभागिता सुनिश्चितताका लागि समपुरक कोषबाट संचालन हुने कार्यक्रमलाई ७०:३० अवधारणा लाई कायम राख्दै अन्य पूर्वाधार निर्माणमा न्युनतम १५ प्रतिशत (५ नगद तथा १० श्रम सहभागिता गरी) योगदान सहित जनसहभागिता अनिवार्य बनाइएको छ ।

ज) **"स्वस्थ सफा र पूर्ण पोषणयुक्त घर गाउँ र वडा "** अभियान संचालन गर्दै आगामी ५ वर्ष भित्र यस नगरपालिकालाई कुपोषण मुक्त भएको घोषणा गरिनेछ ।

झ) नेपालको संविधान-२०७२ धारा ३५ को खाद्य सम्बन्धि मौलिक अधिकारको प्रत्याभूति गर्नका लागि यस नगरपालिकामा भूमिहीन दलित बोटे, मुसहर, एवम् सुकुम्बासी ,अशक्त ,असाहय, अपाङ्गता तथा अति विपन्न परिवारको बाहुल्यता भएको हुँदा संकट, संक्रमण र विपदको समयमा खाद्यवस्तुको अभावमा जीवन जोखिम बाट जोगाउन सबै क्षेत्रबाट खाद्य भण्डारण गर्नका लागि "**मध्यविन्दु खाद्य भण्डार** " स्थापना गरिने छ ।

ञ) कोरोना भाइरस (Covid-19) सङ्क्रमणको कारण बाट छिमेकी देश एवम् अन्तर्राष्ट्रिय मुलुकमा रोजगारी गुमाएका युवाहरुलाई नेपाल आमाको **"माटो संग मुटु गास्न ,नेपालको प्रकृति र संस्कृति संगै हास्न"**,रम्न र रमाउन वातावरण सृजना गर्ने र स्वदेशमै स्वरोजगार सृजना गरी आत्मानिर्भर बनाउन "**बैदेशिक फिर्ती युवा स्वरोजगार कार्यक्रम**" सञ्चालन गरिने छ ।

ट) नेपालको संविधान-२०७२ धारा २९५को उपधारा (३) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ६ को उपदफा (२) को (१) र दफा ५ उपदफा(३)मा उल्लेखित आधारलाई अबलम्बन गरी सीमा विभाजन वाट देखा परेको भौगोलिक, प्रशासनिक कठिनाइलाई सम्बोधन गर्न वडा संख्या र सिमाना हेरफेर गरी गण्डकी प्रदेश मार्फत नेपाल सरकारमा पठाइनेछ ।

ठ) नगरपालिका भित्रका सार्वजनिक तथा निजी जग्गा बाँझो राखेको अवस्थामा त्यस्ता जग्गा धनीहरुलाई दण्ड जरिवाना गरिनेछ । सार्वजनिक वा निजी बाँझो जग्गा उपयोगमा ल्याउन नीतिगत व्यवस्था गरी, स्वदेश फिर्ता भएका वेरोजगार युवाहरु ,टोल विकास संस्था, महिला समूह, कृषि सहकारी समूह तथा गैर सरकारी संस्थाहरुलाई करारमा दिने व्यवस्था गरिनेछ ।

ड) सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सृजना गर्न,भौतिक एवम् आर्थिक रुपमा सबल र सक्षम बनाउनका लागि निश्चित मापदण्डको आधारमा **"एक वार्ड एक नमुना आधारभूत विद्यालय"** स्थापना गरिनेछ । आधारभूत विद्यालय शिक्षा(कक्षा ५सम्म) सम्म मातृभाषा पठन-पाठन गर्न प्रोत्साहित गरिनेछ । मागको आधारमा माध्यमिक विद्यालयहरुलाई बस खरीद गर्न अनुदान प्रदान गरिनेछ । सबै तहका सामुदायिक विद्यालयहरुलाई मापदण्डको आधारमा शिक्षण सिकाइ सहयोग अनुदान उपलब्ध गराइने छ ।

ढ) शहरी विकास मन्त्रालय अन्तर्गत DPR भएको **कृषि उपज केन्द्र चोरमारा**, वगुवन -तमासपुर- भू.पू चोक ,अरुणखोला सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकार संग समन्वय गरिनेछ ।

ण) पूँजीगत शीर्षक अन्तर्गत विनियोजित रकमबाट विकास योजना क्रियाकलाप सञ्चालन गर्दा उपभोक्ता समितिहरु लाई एकीकृत मापदण्ड बमोजिम संचालन गर्ने नीति अबलम्बन गरिनेछ । कालोपत्रे सडक निर्माणको लागि सावर्जनिक खरिद ऐन २०६३ र नियमावली ०६४ बमोजिम प्रक्रिया अबलम्बन गरिने छ ।

त) भूउपयोग योजना, अव्यवस्थित बसोबास व्यवस्थापन, फोहरमैला व्यवस्थापन, सडक मापदण्ड आदि नीतिगत व्यवस्था कार्यन्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । त्यस्ता कार्यक्रमहरुलाई क्रियाकलापमा रुपान्तरण गरी कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । वडा समितिबाट सिफारीस

भई आएका तर स्थानीय तहबाट कार्यन्वयन हुन नसक्ने ठूला योजना तथा कार्यक्रमहरु कार्यन्वयनका लागि प्रदेशसभा तथा नेपाल सरकार समक्ष अनुरोध गरी पठाईनेछ।

**सभाध्यक्ष महोदय,**

७६. यस आय व्यायको अनुमान मस्यौदा तयारीका सिमाहरु, बाधा व्यवधान र अवरोधहरु रहेका थिए। यस्ता अवरोध र सिमाहरु कार्यान्वयनका चरणमा पनि तेर्सिने निश्चित छ। असीमित अपेक्षा र सीमित साधनस्रोतका बीच तादात्म्यता कायम गरी बजेट तर्जुमा र कार्यान्वयन आफैमा अप्ठ्यारो र चुनौतिपुर्ण जिम्मेवारी हो। यस चुनौतिको सामना अरुबाट सम्भव छैन, हामी आफैले सामना गर्दै गन्तव्यमा पुग्नै पर्ने बाध्यता छ। हामीलाई यस्तो बाध्यात्मक अप्ठ्यारो अवस्था र चुनौति सामना गर्ने उर्जा र शक्ति जनमतले प्रदान गरेको छ। तसर्थ हामी गन्तव्यमा अवश्य पुग्ने छौं।

७७. अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत नेपाल सरकारबाट प्राप्त स्वास्थ्य, शिक्षा र कृषि तर्फको सशर्त अनुदान बजेट रु २८ करोड १० लाख लाई सम्बन्धित शाखाहरु संग समन्वय गरी कार्यान्वयन गरिनेछ। यी बाहेक नगरपालिका मातहत आउने क्रममा रहेका अन्य विषयगत कार्यालय र तीनका वार्षिक कार्यक्रमहरुलाई यसै बजेटको अभिन्न अङ्ग मानी समन्वय गरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनेछ।

विभिन्न गैरसरकारी संघ संस्थाहरु, समुदायिक वन उपभोक्ता समूहहरु, सहकारी संस्थाहरु लगायतका निकायहरु कार्यक्रमहरुलाई पनि यसै बजेटको अभिन्न अंग मानी समन्वय गरी कार्यन्वयन गरिनेछ। यसरी विभिन्न स्रोतबाट हुने आय र खर्चलाई कानूनी रुपमा बजेटका अभिन्न अङ्ग बनाउन आवश्यक कानूनी प्रक्रिया अपनाइनेछ।

**सभाध्यक्ष महोदय,**

७८. चालु आ.व. ०७६/०७७ को जेठ मसान्त सम्मको आय र व्ययको विवरण यस अगाडी नै प्रस्तुत गरिएको तथा आ.व. ०७७/०७८ का लागि आय व्ययको अनुमान अर्को सत्रमा प्रस्तुत गरिने व्यहोरा सभाध्यक्ष मार्फत यस सम्मानित सभामा राख्न चाहन्छु।

७९. आय तर्फको ठुलो हिस्सा अन्तर्गत वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त हुने अनुदान,वित्तिय समानिकरण अनुदान ,प्रेदेश सरकारबाट हुनसक्ने सवारी कर ,नगरपालिकाबाट प्राप्त हुनसक्ने राजश्व, उपभोक्ता समितिबाट नगद,जनश्रम दान, वस्तुगत सहायता जस्ता रकमहरु नगरपालिकाको आय तर्फको प्रमुख स्रोतहरु रहने व्यहोरा सम्मानित नगरसभा समक्ष राख्न चाहन्छु ।

८०. व्ययतर्फ निर्वाचित पदाधिकारीको भत्ता, सुविधा, कर्मचारीका तलब, भत्ता तथा अन्य सुविधा, कार्यालय सञ्चालन लगायतका शसर्त अनुदान र अन्य प्रशासनिक खर्च समेतको चालु खर्च र आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास,सेवा प्रवाह र सुशासन लगायतका काम समेटिएको पूँजीगत खर्चका रुपमा रहनेगरी व्यय अनुमान गरिने छ। चालु खर्चका निमित्त अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत् प्राप्त हुने निशर्त अनुदान र आन्तरिक आयबाट व्यहोरने गरी

व्यवस्था गरिनेछ । पूँजीगत खर्चका निमित्त अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत् प्राप्त हुने निशर्त अनुदान, आन्तरिक आय र चालु आर्थिक वर्ष को नगद मौज्दात र जनसहभागिता बाट प्राप्त हुने रकम विनियोजन प्रस्ताव गरिने छ । अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त हने सशर्त अनुदान तर्फको रकम तोकिए बमोजिम खर्च गरिने छ ।

**सभाध्यक्ष महोदय,**

८१ . समृद्ध नगरपालिका निर्माण गर्ने यस नगरपालिकाको अल्पकालीन र दीर्घकालीन लक्ष्य प्राप्ति गर्न यो नीति तथा  कार्यक्रमको महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु । सबल र समृद्ध नगर निर्माणमा साथ दिनुहुने सम्पूर्ण नगरवासी ,नेपाल सरकार ,प्रदेश सभाको माननीय सदस्य ज्यूहरु, राजनीतिक दल, विकास साझेदार संस्था, निजी क्षेत्र ,संचारकर्मी ,राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, नागरिक समाज तथा गैरसरकारी संघसंस्था प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा यहाँहरुको सक्रिय, सहयोग अपेक्षा गर्दछु ।

धन्यवाद,

जय मध्यविन्दु ।।।